# शेयर एण्ड केयर नेपाल

## प्रोफाइल तथा इतिहास

### भुमिका

शेयर एण्ड केयर नेपालले विगत २५ वर्षमा गरेका (मानवको सेवामा एक चौथाई शताब्दी)उपलब्धीहरूको अभिलेख राख्न ऐतिहासिक घटना र क्षणहरुको वारेमा बताउन, पछाडीका कुराहरू हेरेर तीवाट केही शिक्षा लिन, सँगसगै ती सफलताहरुलाई प्रतिविम्वित गरी खुसीको उत्सव मनाउन र एस.सि.एनका भावी सदस्यहरू र सहयोगकर्ताहरूको लागि सिकाई र सन्दर्भ सामाग्रीको रुपमा योगदान पुऱ्याउन सकोस् भन्ने उद्देश्य राखी यस महत्वपूर्ण घडिमा आएर यस संस्थाको प्रोफाईल र इतिहासको बिकास गरिएको छ ।

एस.सि.एनको २२औं बार्षिक साधरण सभामा यस संस्थाका सदस्यहरूलाई संस्थाका दस्तावेजहरूको पुनरावलोकन गर्न, विगतको बर्षहरुमा समय गुज्रदै जाँदा प्राप्त गरिएका सफलताहरू र सिकाईहरूलाई प्रतिविम्वित गर्न र भविष्यमा एस.सि.एनले कार्यान्वयन गर्न गइरहेका आफ्नो नयाँ रणनीतिक योजना "आशा र अवसरहरू को वर्ष २०१९-२०२३" लाई सहि दिशातर्फ मार्ग दर्शन गराउनलाई यो दस्तावेज तयार गरीएको थियो ।

अति कठिन प्रक्रियाकासाथ यी दस्तावेजहरूको समिक्षा, टोली छलफल,स्वप्रतिविम्वित गर्दै र विगतका घटनाहरूको स्मरण गर्दै यो प्रोफाइल र इतिहास तयार पारिएको छ ।

यस दस्तावेजले विगतमा एस.सि.एनले पार गर्दै गएका प्रमुख ऐतिहासिक क्षण, चढेका खुडकिला, प्राप्त गरेका महत्वपुर्ण सफलताहरू, उतार चढावहरू, परिचय गराईएको आगमन र मोडेलका कियाकलापहरूलाई प्रकास पार्न खोजेको छ । एस. सि.एनका पञ्च वर्षीया रणनीतिक योजनाबद्धसमयचक्रलाई दृष्टिगत गरेर यो दस्तावेज तयार पारीएको छ तर परियोजना अवधिहरू रणनीतिक बर्ष भन्दा बढी समय लाग्ने भएकाले समयको सिमा रेखाङकन गरीएको छैन ।

यस दस्तावेजद्वारा पाठकवर्गहरूलाई विगत २५ बर्षको सेवामा एस.सि.एनले मानवताको लागी पुऱ्याएको योगदानको बारेमा बुझ्न् र सिक्न मदत मिलोस् भन्ने एस.सि.एनका समस्त परिवारले अपेक्षा राखेको छ ।

### गतिविधिको सुरुवात (१९९४-१९९८)

"आफूलाई जस्तैआफ्नो छिमेकीलाई प्रेम गर" भन्ने धर्मशास्त्रको खण्ड र "उपचार भन्दा रोकथाम उत्तम हो" भन्ने स्वास्थ्य नाराले एक जवान दर्शनकारी रमेस खड्कामा प्रेरणाको बिउ हालि दियो । त्यसै प्रेरणाको उपजस्वरुप सन १९९३ तिर रमेस खड्काले पछाडि बोक्ने झोलामा औषधि र अन्य स्वस्थ्य सामाग्रीहरू लिएर ललितपुरको गोदावारी, भक्तपुरको वाल्कोट, नुवाकोटको रानी पौवा, रसुवाको सर्वुवेंसी र काठमाडौंको फर्पिङ र नाङलेवारेका समुदायहरूलाई आधारभुत दन्त सेवा पुऱ्याउन पैदलै भ्रमण गरे । ग्रामिण भेगमा भएका दाँतका बिरामीहरूसित गरेका अन्तरक्रियाको

अनुभवले गर्दा स्वास्थ्य सेवा पुऱ्याउने उत्कृट इच्छा उनमा जाग्यो । परिणाम स्वरुप खाँचोमा परेका सबै मानव जातीलाई सेवा पुऱ्याउने काममा समर्पित भई यस गतिविधिलाई अगाडी बढाउने उद्देश्यले सन १९९३ मा शेयर एण्ड केयरको स्थापना  भयो । आफूसँगभएको कुरा अरुलाई बाँड्ने र सक्दो वास्ता पुऱ्याउने बुझाईमा नै यस शेयर एण्ड केयरको नामाकरण गरियो ।

ती सुरुका दिनहरूमा “एक मान्छेको निशुल्क झोले क्लिनिक” दन्त स्वास्थ्य उपचारमा मात्र केन्द्रित थियो । जस अर्न्तगत निकासी, दन्त उपचार, स्वास्थ्य शिक्षा र ब्रस गरेर दाँतको सफाई गर्ने प्रविधि मात्र समावेश थिए । सेवा लिनेहरूमा प्रायजसो मुखका क्यानसर, उच्चत्तम दन्त फोडाहरू र गिंजाका रोगहरूद्वारा ग्रष्ट मानिसहरू थिए । ती अवस्थाहरूमध्ये कतिको त आधारभुत दन्त सरसफाई र पूर्व रोकथाम उपचार विधिबाट पनि बच्न सकिन्थ्यो । यी देखापरेका अनुभवहरूले रमेश  खड्काको मनमा गहिरो छाप पर्‍यो जसले गर्दा ती संक्रामक रोगहरूको रोकथाम र ग्रामिण समुदायलाई स्वास्थ्य जीवनको लागि पूर्व स्वास्थ्य हस्तछेप गर्नु पर्ने महसुस भयो ।

यो काम गाउँको भ्रमण, दन्त स्वास्थ्य सिविर, जनचेतनामुलक कार्यक्रम र मानिसहरूसँग अन्तरक्रिया गर्ने जस्ता साधारण तरिकाले सुरु भयो ।

यी अनुभवहरूले एउटा गैर सरकारी संस्था एन.जि.ओंको स्थापना गरेर ग्रामिण क्षेत्रमा स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने विचार पैदा गऱ्यो । फलत : सन १९९४को जनवरी १५तारिखको दिनमा शेयर एण्ड केयर इन मेडिको नेपालको नामबाट गैरसरकारी नाफारहित प्रथम ख्रीष्टियन संस्थाको रुपमा सरकारमा दर्ता गरियो । जसको उद्देश्य ग्रामिण क्षेत्रका समुदाय रपिछडिएका कमजोर मानिसहरूको स्वास्थ्य उपचार सेवाको आवश्यकता पूर्ति गर्नु रहेको थियो । सोही वर्षमा एस.सि.एन.ले यु.एम.एनद्वारा संञ्चालनमा रहेको फर्पिङ क्लिनिकलाई निरन्तरता दिई त्यस क्षेत्र वरिपरिका गरिब समुदायहरूलाई निशुल्क स्वास्थ्य उपचार उपलब्ध गराउन लागि पऱ्यो ।

सन १९९५मा जमखेद, भारतमा रहेको व्यापक ग्रामिण स्वास्थ्य परियोजनाको अनुभवमा आधारित सिकाई अर्न्तगत सम्पूर्ण कार्यक्रमको समीक्षा र संशोधन गरियो । संस्थाको कार्यनीती निशुल्क र कल्याणकारी ‘थैलीबाट’सामुदायिक विकास’ तिर मोडियो । त्यस उप्रान्त एस.सि.एन संस्था गरिब र निमुखा जनताहरूलाई सेवा पुऱ्याउदै समुदायको सशक्तिकरण र परिर्वनमा संलग्न रह्यो ।

**चिउराको एक थाली**

संस्थाको सेवाको बदलीमा  मानिसहरूले विभिन्न तरिकाले आफ्नो दक्षता प्रस्तुत गरे । केहिले खानाको व्यवस्था गरे भने  अरुहरूले विश्रामको लागि घर  दैलो उपलब्ध गराए ।

एउटा घटनामा एक बृद्ध आईमाई  हामीले दिएको दन्त  उपचारको सेवा पाएर मुग्द भइन् । आफूले प्राप्त गरेको सेवाको गुण तिर्नलाई ती वृद्ध महिलाले रमेशलाई आफ्नो घरमा आउन निम्तो दिइन् । माटोले बनाइएको एक कोठे घर अंध्यारो र  ढुसी लागेको थियो तर पनि उनी आफ्नो विशेष पाहुनाको आगमनमा अति उत्साहित र प्रसन्न देखिन्थिन् । तिनी यताउती दौडीन् र काठको दराज माथि राखेको आफनो मूल्यवान् चिज लिन अघि बढिन् ।  अनि पूरानो च्यातिएको  पलास्टिकको

पाकेटबाट चिउरा निकालेर थालीमा राखिन् । त्यो चिउरा उनले प्रदेश गएको आफ्नो छोरा घर फर्कदा दिनका लागि बचत गरिराखेकी थिइन् । रमेशले उनका छोराको याद दिलाई दिए । उनी आफूले आफ्नो छोराको लागि  बचाई राखेको चिउरा रमेशसँग बाँडचुड गरि खुवाउन चाहन्थिन । अरुसँग बाँडचुड गर्ने उनको त्यो उत्कृट इच्छाले  रमेशको मन छोयो ।

**दर्शन र एन.जि.ओको गठन**

समुदायका सदस्यहरूले देखाएको कृतज्ञता, विगतका अनुभव र संवहनले संस्थाको गठन गरि ग्रामिण क्षेत्रमा रहेका समुदायहरूलाई आधारभुत स्वास्थ्य उपचार पुऱ्याउने समय आयो । रमेश खड्काले आफ्नो मनमा खड्की रहेका भावनाहरू साथीहरूलाई, मण्डलीका अगुवाहरू र आफन्ताहरूलाई बताए र उनीहरूको सल्लाहलाई मनमा लिए । प्रथम  कदममा पाटन अस्पतालको दन्त विभागका प्रमुख डा. कार्लो सुमेलाले बैठक  बस्नका लागि ठाउँ दिए जुन कराले गर्दा एन.जि.ओ.को गठन गर्ने अवसर मिल्यो ।

सन १९९४को जनवरी १५ तारिखका दिन देशमा रहेका कमजोर निमूखा समुदायहरूको स्वास्थ्य उपचार आवश्यकताको पूर्ति गर्ने उद्देश्यले नेपालकै एक प्रथम खीष्टियन एन.जि.ओ.को रुपमा शेयर एण्ड केयर इन मेडिको नेपालको नामले ललितपुर जिल्ला प्रशासन कार्यालयमा आधिकारिक रुपमा दर्ता गरियो ।

**फर्पिङको क्लिनिक**

एस..सि.एन.लाई व्यवस्थित गर्न र समुदायको आवश्यकतालाई पुर्ति गर्न पूर्ण समय योगदान दिने अठोट लिएर रमेश खडकाले पाटन अस्पतालको नोकरीबाट राजीनामा दिए ।

य.एम.एन.ले फर्पिङमा सन १९६६मा एक क्लिनिकको स्थापना गरेको थियो जसद्वारा आधारभुत स्वास्थ्य उपचार सेवा प्रदान गरिन्थ्यो । काठमाण्डौ,  मकवानपुर र ललितपुरका बिरामीहरू सेवा लिन  जान्थे जहाँ एक मिसीनरी नर्सद्वारा क्लिनिकको व्यवस्थापन गरिन्थ्यो । २५बर्ष भन्दा बढी समयमा क्लिनिकले  अनगिन्ति मानिसहरूलाई सेवा पुऱ्याउन सक्यो । सुरुको दिनमा यु.एम.एनको नियन्त्रणमा शेयर एण्ड केयर इन मेडिको  नेपालले सन १९९४को जुन २२ तारिखको दिन फर्पिङको व्यवस्थापन आफ्नो हातमा लियो । फर्पिङ क्लिनिकले समुदायलाई आधारभुत स्वास्थ्य उपचार सेवा, घुमन्टे क्लिनिक र स्वास्थ्य शिक्षाहरू उपलब्ध गराउँथ्यो ।

**भारत, जम्खेदको सि.आर.पि. कार्यक्रममा सहभागी**

सन १९९४को सेप्टेम्बर महिनामा रमेश खड्काले भारतको जम्खेदमा हुने सि.एच.आर.पि.को तालिम कार्यक्रममा सहभागी भन्ने मौकाको फाइदा उठाए । यस तीन महिने कार्यक्रममा त्यहाँ सञ्चालित परियोजनाहरूको भ्रमण, ग्रामिण स्वास्थ्य कार्यकर्ता हरूसँगको अन्तरक्रिया, त्यहाँ सञ्चालित एक नमूना स्वास्थ्य केन्द्र र विकास परियोजनाको अवलोकन गर्ने अवसरहरु समावेश थिए । यो कार्यक्रम संसार भरि प्रख्यात छ । ठिक त्यही समय अवधितिरका डा. राज आरोल र डा.मावेले

आरोलको कामबाट पनि रमेश प्रेरित भए । अनि त्यस पछि उनले यही प्रकारको प्रक्रिया फर्पिङको समुदायलाई लागु गर्न सकिएला कि नसकिएला भनि सोँच्न थाले ।

## निशुल्क र कल्याणकारी कार्यक्रमबाट परिवर्तन र विकासतर्फ

निशुल्क र कल्याणकारी सेवा उपलब्ध गराउने उनका विचारहरू हराउँदै गएर दीगो विकासको लागि समुदायसँग सहकार्य गर्ने अवधारणाको अन्वेषण गर्न लागि परे । फर्पिङमा भएको निशुल्क सेवामा आधारित क्लिनिक समुदायमा आधारित स्वास्थ्य र विकास केन्द्रमा परिवर्तन हुनु पर्ने महसुस उनलाई भयो । जम्खेदमा रहँदा उनले फर्पिङका समुदायमा आधारित स्वास्थ्य तथा विकास कार्यक्रम सुरु गर्ने एक कार्य योजनको  विकास गरे । नयाँ तरिका र उत्साहले भरिएर रमेश १९९४को डिसेम्बर महिनामा नेपाल फर्के र यस नयाँ अवधारणा बारे एस.सि.एन नेपालका कार्यकारी बोर्ड सदस्यहरूसित आफ्नो विचार बाँडे । अरु सदस्याहरुसंग यस नयाँ बिचारको आदान प्रदान भएतापनि कल्याणकारी शैलीबाट समुदायमा आधारित शैलिमा जाने विचारलाई सहर्ष स्वीर्कान र कार्यन्वयन गर्न  सुरुमा त गार्है पर्‍यो । बोर्डका कार्यकारी सदस्यहरूलाई यस महत्वपुर्ण कदमको उपयोगिता र प्रासगिता बारे यकिन हुन एक बर्ष भन्दा बढी समय लाग्यो ।

## प्रारम्भिक सघर्षहरू

कार्यशैली परिवर्तन गर्नु पर्ने रमेशको विचारले संस्था भित्र र संस्था बाहिर पनि मिस्रित प्रतिक्रियको सङकेट दियो । कार्यकारी बोर्डका सदस्यहरू र दातृ संस्थाहरूलाई समुदायमा आधारित विकास  शैलस्को  प्रभावकारिता बारे मनाउन गाह्रो पर्‍यो । फर्पिङका समुदायहरूमा संस्थाका परियोजनाबाट लाभ उठाउने बानी बसेको थियो । विकासको प्रक्रियामा सहभागी हुन तिनीहरू आनाकानी गरिरहेका थिए । यसको सत्ता उनीहरू आफ्नो समुदायको लागि परिवर्तनका प्रमुख मध्यष्थकर्ता भन्नु पर्थ्यो ।

एस.सि.एन नेपालले आयोजना गरेको एक सामुदायिक सहभागिता बैठकमा, निमन्त्रण गरिएका समुदायका प्रतिनिधिहरू सभामा आउन इन्कार गरे । पछिल्ला सभाहरूमा एक दुई जना मान्छेहरू जिज्ञासा लिएर उपस्थित भए । केहि समयवधि पश्चात समुदायका सदस्यहरू सभामा भेला हुन इच्छुक भई आफ्नो राय र विचार बाँड्ने कुरामा रमाउन थाले । परिणामस्वरुप  झट्टै नै परिस्थिती परिवर्तन हुन थाल्यो । समुदायका सदस्यहरूले अर्को चोटी हुने सभाको मिति कहिले हुने हो भनि सोध्न थाले र आफूहरूको पनि त्यस सभामा सहभागी हुने इच्छा भएको र समुदायको विकास प्रक्रियाको एक हिस्सा भन्ने इच्छा प्रकट गर्न थाले । यस अगि परियोजनाबाट लाभ उठाउनेहरू अहिले आफुहरूलाई एक खेलाडिको रुपमा अथवा परियोजनाको साझेदारको रुपमा देख्न थाले ।

फर्पिङ क्लिनिकलाई आर्थिक सहयोग पुर्‍याउने सिङगापुरको संस्थाले नयाँ परियोजनाको लागि पनि आर्थिक सहयोग जुटाउने आश्वासन दियो । ती कठिनाईका दिनहरूमा सि.एच.आर.पि.का डा.माबेले आरोलले आर्थिक सहयोग र परामर्श प्रदान गर्नु भयो ।

## प्रथम परियोजना

सन १९९५मा डा. हार्दिङ्गको सम्पर्कद्वारा अमेरिकाको प्रेसविटिरीयन मण्डलीसित साझेदारीको विकास भयो जसले फर्पिङको सि.वि.एच.डि परियोजना सञ्चालन गर्न आर्थिक सहयोग पुऱ्याएको थियो । यस परियोजनलाई थप टेवा दिन दुई जना अनुभवी ग्रामिण स्वास्थ्य कर्मी र सि.एच.आर.पि जम्खेदबाट एक जना बहुउद्देश्यीय कार्यकर्ता फर्पिङमा आएर आफ्नो अनुभवहरू बाँड्न थाले र परियोजना क्षेत्रका महिलाहरूलाई विकासमा समुदायको भूमिकाको बारेमा शिक्षा दिई थप संवेदनशील बनाए । सन १९९६मा ५जना फिल्ड कर्मचारीको सहयोगमा शेसनारयण र काठमाडौको दक्षिणकाली गरी यी दुई गा.वि.समा समुदायमा आधारित स्वास्थ्य र बिकास परियोजना सुरुवात गरिए । ती परियोजना एकिकृत प्राथमिक स्वास्थ्य उपचार शैलीमा आधारित थियो ।

## अगाडि फड्को मार्दै

सन १९९८मा यो परियोजना नजिकै रहेका चार गाविसहरू–चाल्नाखेल, टल्कु, दुढेचौर, छैमले र सेतीदेवीमा पनि  परियोजना विस्तार गरियो । परियोजनालाई सहयोग र व्यवस्थापन गर्नका लागि एस.सि.एन नेपालले थप कर्मचारीहरू नियुक्त गर्‍यो ।

## बृद्धि र विस्तारको वर्षहरू (१९९९-२००३)

सन २००१मा फर्पिङको सि.वि.एच.डि परयिोजनाको सिकाइलाई प्रयोग गरेर तीन बर्षे परियोजना चक्रको समीक्षा गरि ललितपुरको दुई वटा छिमेकी गा.वि.स दुखुछाप र छम्तीमा ६/६ बर्षे एकिकृत समुदायमा आधारित स्वास्थ्य र बिकास परियोजनाको  योजना गरि सुरुवाट गरियो ।

त्यसैगरि सन २००२मा पनि थप अरु एकिकृत सि.वि.एच.डि.पि परियोजनाको योजना गरियो र काठमाण्डौं जिल्लाको उत्तरी भागमा रहेको दुईवटा नयाँ गा.वि.स नाङलेबारे र लप्सीफेदीमा सुरुबाट गरियो ।

## समुदायको परिवर्तनका लागि फर्पिङ अन्य समुदायको सिक्ने थलो

समयको दौरानमा प्राथमिक स्वास्थ्य उपचार केन्द्रको रुपमा वृद्दि भएको फर्पिङ क्लिनिक अहिले 'समुदायको विद्यालय हुन पुगेको छ । जसले जवान र महिलाहरूलाई अपरम्परागत शैलीद्वारा सिक्ने अवसर प्रदान गर्दछ । यसले त्रिभुवन विश्व विद्यालयद्वारा मान्यता प्राप्त डिग्री प्रदान गर्दछ । यसको अलवा यहाँ समुदाय स्रोत केन्द्र, समुदाय पुस्तकालय र कम्प्युटर शिक्षण कार्यक्रम पनि सञ्चालन हुन्छ ।

कुनै जाती, उमेर, योग्यता र अनुभवको पूर्वाग्रह विना सबैले सिक्न पाउने र अरुलाई बताउन सक्ने सबैको साझा थलोको रुपमा 'समुदायको विद्यालय'नामक संस्थाको सुरुबाट भएको छ । पछि गएर यो "समुदायको विद्यालय" नामक समुदायमा आधारित गैर सरकारी संस्थाको रुपमा दर्ता भयो । यस संस्था अर्न्तगत स्नातक तहको क्याम्पस, सरकारी

शाखा स्वास्थ्य चौकी, खुल्ला महिला विद्यालय, कम्प्यूटर ल्याव, सामुदायिक पुस्तकालय, सामुदायिक तालिम केन्द्र साहित्यिक समाज, डब्लु,इ.एस.डि र आधुनिक शैक्षिक गाउँ रहेका छन् ।

स्थानिय सामाजिक विचार धारा भएका मानिसहरू, शिक्षकहरू, व्यापारीहरू, महिला समूह र विद्यार्थी लगायत १५० जना भन्दा बढीले प्रति व्यक्ति रु.१०,००० चन्दा उठाएर फर्पिङमा पहिलो स्नातक तहको क्याम्पसको स्थापना गरे ।

१००० भन्दा बढी राष्ट्रिय र अन्तराष्ट्रिय कलेजका विद्यार्थीहरूले यस केन्द्रमा आफ्नो सामाजिक कार्यको लागि इन्टर्नसिप गर्ने अवसर प्राप्त गरिसकका छन् । राष्ट्रिय र अन्तराष्ट्रिय दातृ संस्थाहरूको सहयोगद्वारा समुदायको विद्यालयले छिमेकी गाउँ र जिल्लाहरूमा पनि आफ्नो विभिन्न परियोजना विस्तार गरेको छ ।

## महिला समुह र सञ्जालको परिचालनद्वारा सुरु भएको आर्थिक र सांस्कृतिक गतिविधि

समुदायमा आधारित महिला एन.जि.ओ "विकासको लागि महिला सशक्तिकरण समाज" ले फर्पिङ क्षेत्रमा आर्थिक र सांस्कृतिक विकासका लागि ४००० भन्दा बढी महिलाहरूलाई परिचालन गरेको छ । डब्लु.इ.एस.डिले अहिलेसम्ममा १४५वटा महिला समुह, ६ वटा सञ्जाल र महिला सदस्यहरू मात्र भएको ६वटा महिला सहकारी संस्थाहरू परिचालन गरेका छन् । डब्लु.इ.एस.डिले स्थानिय गा.वि.सहरू र काठमाडौं जिल्ला विकास समितिबाट परियोजना ल्याउन र दुईवटा नयाँ गा.वि.सहरूमा आफ्नो क्रियाकलाप विस्तार गर्न सफल भएको छ । काठमाडौं जिल्लामा रहेका ८ वटा एन.जि.ओ मध्ये सबै भन्दा उत्तम सेवा पुर्‍याउने एन.जि.ओ.को रुपमा डब्लु.इ.एस.डि पुरस्कृत भएको छ ।

यस संस्थाले विकास गरेको समुह, सञ्जाल र समाजको अवधारणाहरुलाई अरुहरूले पनि आफनो परियोजना क्षेत्रमा अनुसरण गरेका छन् र अन्य समुह, सञ्जाल र सहकारीहरूमा पनि फैलिन थालेको छ । ती समुहहरूले बचत र लगानी कार्यद्वारा आय आर्जन क्रियाकलाप,सामाजिक विकास क्रियाकलाप र आर्थिक विकासको लागि पनि यथेष्ट परिचालन गर्दै आएका छन् । ती समुह र सञ्जालहरूले महिलाहरूको विकास र सांस्कृतिक विकासको लागि गा.वि.सका स्रोतहरू प्राप्त गर्न सफल भएका छन् । समुह र सञ्जाल बिचको घनिष्ठ सहकार्यताद्वारा सामाजिक चेतना र विकास कार्यहरू समाजमा नियमित रुपले चलिरहेका छन् ।

## स्थानिय तहको संस्थानहरूमा कर्मचारी र अधिकारीहरू बिच समन्वय

स्थानिय तहका महिला समुह र महिला सञ्जालको माध्यमद्वारा परियोजनाको क्रियाकलापहरू स्थानिय संघसंस्थासँग समन्वय गरि काम सम्पन्न गरेका छन् । समुह र सञ्जालको सदस्यता गा.वि.स., एस.एच.पि, विधालय, वनसमिति र खानेपानी समितिमा आवद्ध रहेका छन् । आफ्नो सदस्यहरूको संलग्नताद्वारा समुहले स्थानिय विकास कोषको सञ्चय र परिचालन गर्न सकेका छन् । महिला समुहहरू आ-आफ्नै सम्बन्धित गा.वि.समा आवद्ध र दर्ता भई सोहि गा.वि.सका विकास कार्यहरूमा संलग्न रहेका छन् ।

समुदायमा सेवा पुऱ्याउनका लागि ४० जना एफ.सि.एच.भिहरूलाई तालिम दिई दक्ष गराएर परिचालन गरिएको छ । यस कार्यले खोपको प्रयोगलाई उच्चतम पार्न, बाल र सुत्केरी मृत्युदरलाई घटाउन टेवा पुऱ्याएको छ । अन्य आवश्यक सामाग्रीहरूमा कोल्ड च्यान, जोख्ने तराजु महत्वपुर्ण मान्दछन् भने अरूहरूले समुदायलाई स्तरीय स्वास्थ्य उपचार उपलब्ध गराई स्वास्थ्य केन्द्रलाई मजबुत र सुसज्जीत पार्ने गर्छन् ।

## स्थानिय मानिसहरूको व्यावसायिक पहिचानको स्थापना

सन २००३मा एस.सि.एनले आफ्नो स्थापना कालको १०औं वषलाई 'यात्राको आनान्द' भन्ने बिषय राखेर मनायो । यीनै समयमा एस.सि.एनले आफ्ना चुनौतीहरूलाई प्रतिविम्वित गर्दै समुदायका सदस्यहरू, मित्रहरू र शुभचिन्तकहरूसित सँगै मिलेर संस्थाले हाँसिल गरेका सफलताहरू माथी आनन्दको उत्सव मनायो । कति महिलाहरू त आफ्नो व्यावसाय र समुदायमा पुऱ्याएको उनीहरूका संलग्नता र योगदानको कारण महिला अगुवा, महिला उद्यमी एफ.सि.एच.सि र सञ्जाल अगुवाको नामले चिनिए ।

यस्तैगरि तरकारी खेती र कृषिको नयाँ प्रविधी अपनाएको कारण पुरुषका परिचय पनि परिवर्तन भएर "मौरी माइला" काउली बद्री हुन पुग्यो । काठमाण्डौं, नुवाकोट र सिन्धुपाल्चोक जिल्लामा रहेका समुदायले व्यावस्थापन गरेका ७ वटा विद्यालयमा कम्प्युटर शिक्षाको परिचय गराइयो । यस प्रकारको शैक्षिक कार्यक्रमबाट विद्यार्थी र शिक्षकहरू सुचना प्रविधीमा शिक्षित हुन पुगे र आफ्नो कक्षाको कोर्षको योजना बनाउन, विद्यालयमा प्रस्तुतिकरण देखाउन समेत उत्साहित भए । यसै प्रकारले यीनै स्रोतहरूको प्रयोगद्वारा विद्यालयहरूले पनि आफ्नो सान्दर्भिक दस्तावेजहरू निकाल्न सक्ने भए । केहि विद्यालयहरूले त अन्य स्रोतहरूबाट पनि थप कम्प्युटरहरू हाले ।

## समृद्धिका बर्षहरू (२००४-२००८)

समुदायको आवश्यकता पूर्ति गर्न समग्र शैलीमा जानु पर्ने भएकोले सन २००४को जुलाई १२ तारिखका दिने आफ्नो नाम शेयर एण्ड केयर इन मेडिको नेपाल एस.सि.एम/एन बाट शेयर एण्ड केयर नेपाल ए.सि.एन मा परिवर्तन गऱ्यो । त्यस समय उप्रान्त एस.सि.एनले विभिन्न कार्यक्रम र क्रियाकलापद्वारा नेपालमा रहेका गरिब र कम्जोर समुदायमा पूगी उनहिरूलाई सशक्तिकरण गर्ने र उनीहरूको जिवनमा परिवर्तन ल्याउन मदत गर्ने कामहरू गर्न थाल्यो ।

## स्कूल र कलेजहरूको तह वृद्धि गरेर उच्च स्तरिय शिक्षा दिने कार्यक्रमहरूको आराम्भ

१३ बर्षको अथक परिश्रम पश्चात प्राथमिक स्वास्थ्य उपचार केन्द्रको रुपमा सञ्चालन भइरहेको फर्पिङ क्लिनिक सन २००६मा आएर बल्ल तल्ल "समुदायको विद्यालय" भन्ने नाममा परिर्वतन भयो जहाँ समुदायका महिला र जवानहरूले अपम्परागत ढाँचाको सिकाई सिक्ने अवसर प्राप्त गर्दछन् । यस संस्थानले देशकै पूरानो मानिएको त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त स्नातक तहको डिग्री कोर्स प्रदान गर्दछ । यस शैक्षिक संस्थानमा सामुदायिक श्रोत केन्द्र, सामुदायिक पुस्तकालय र कम्प्युटर शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

काठमाडौंको उत्तर पूर्वमा अवस्थीत परियोजनाका समुदायहरू र आसपासमा रहेको छिमेकी जिल्ला सिन्धुपाल्चोक र नुवाकोट क्षेत्रहरूमा हिडडुल गर्दा त्यहाँका कयन् विद्यार्थीहरू उच्चमाध्यमिक र माथिल्लो तहका विद्यालयमा जानलाई २ देखि ४ घण्टासम्म हिड्नु परेको यथार्थ एस.सि.एनका टोलीले थाहा पाए । आर्थिक रुपमा सक्षम केहि विद्यार्थीहरूले आफ्नो पढाई जारी राख्नलाई शहरमै डेरा लिएर बसेको भेट्टिए भने केही महिला विद्यार्थीहरू हिड्न नस्कने वा डेरा लिन नसक्ने आर्थिक कमजोरीका कारण आफ्ना पढाईहरू छोडेका छन् । यीनै कुराहरूलाई ध्यानमा राखि त्यहाँ सञ्चालित नि.मा.वि.लाई मा.वि.तह र मा.वि.लाई स्नातक तह पुऱ्याउने प्रकृयामा एस.सि.एनले मदत पुऱ्यायो । अहिले एस.सि.एनले मदत पुऱ्याएका विद्यालयहरूमा काठमाडौं, सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा २ वटा स्नातक तह, ४ वटा उच्च मावि र २ वटा नि.मा.वि. क्याम्पस र स्कूलहरू छन् । आफ्नै समुदायमा उच्च शिक्षाको सुविधा भएको कारण त्यहाँ निम्न प्रभाव परेको देखियो : विधालय शैक्षिक तहमा बृद्धि आएको कारण उच्च शिक्षाको लागि सहजै भर्ना हुन सकने अवसर, स्थानिय व्यावसायीहरूको लागि थप रोजगारी र परिवारको आर्थिक क्रियाकलापमा बढी समय दिन सक्नु रहेका छन् ।

## सामुदायिक सशक्तिकरणद्वारा मानव तस्करीलाई न्युन तुल्याउने नमूनाको विकास

हेटौँडा नगरपालिका र छिमेकी गा.वि.स.मा रहेका केटीहरूलाई मानव तस्करीबाट बचाउन र ती तस्करहरूलाई पकाउ गर्ने प्रक्रियामा सहजीकरण गर्ने लक्ष राखेर “अप्ठयारो परिस्थितीमा रहेका महिलाहरू” (डब्लु.डि.सि) नामक एक कार्यक्रम सन २००८मा मकवानपुरमा सुरु गरियो । हामीले देखेका, जानेका र मानव तस्करी विरुद्धमा लागेका परियोजनाहरूले छोडेका मार्ग दर्शनको आधारमा सामुदायिक सशक्तिकरणद्वारा मानव तस्करीलाई न्युनिकरण गर्ने एक व्यापक नमूनाको विकास गरिएको छ जुन कार्यक्रम अर्न्तगत महिला, किशोरी अवस्थाका केटीहरू र जवान समुहको गठन र परिचालन समावेश छन् । प्रत्येक वडामा एउटा महिला समुहको गठन भएका छन् भने अन्य समुहरू भौगोलिक आवश्यकताको आधारमा गठन गरिएका छन् । यी समुहहरू तालिम प्राप्त छन् र विभिन्न तस्करी मामिलामा सहजीकरण जुटाउनुका साथै विभिन्न कार्यक्रम र घटनाहरूद्वारा समुदायलाई सजग गर्न परिचालित छन् । यस कार्यक्रम अन्तर्गत प्रत्येक वडाबाट २ जना प्रतिनिधी रहेको सञ्जालको गठन गरिन्छ । यसरी १८ जना सदस्य रहेको सञ्जाल परिचालित भएर एक दोस्रामा आफ्नो कुरा बाँडछन् र एक दोस्राबाट सिक्दै आफ्नो सदस्यहरूलाई सहयोग पुऱ्याउँछन् । यो सञ्जालले स्रोतको पहुँचको व्यावस्थापन, सामाजीक र सरकारी निकायहरुसंग समन्वय राखी आफ्नो समुहका सदस्यहरूलाई अवसरहरूको सृजना गरि दिएर समुहहरूलाई मदत पुऱ्याउँछ ।

यसरी समुहले मानव तस्करी हुनबाट रोकथाम गर्न मानिसहरूलाई सजग र जनचेतना प्रदान गर्दछ भने सञ्जालले दोषीलाई सजाय दिलाउने र मानव तस्करीको सिकार भएकालाई एकीकृत गर्ने काम गर्दछ । सञ्जालले समुदायको आयआर्जन गर्न र संस्कृतिको जागरण गर्ने योजना बनाउन र सोको व्यवस्थापन गर्ने काम पनि गर्दछ ।

## ‘प्रेरणात्मक टोकरी कोष योजना’ को परिचय र समुदायमा रहेका सानो स्केलको उद्यमीहरूको उत्पादन

यो सानो आयआर्जन गर्ने कार्यक्रम हो जसमा समुदायको आवश्यकता र मागको मूल्याङकन, तालिम, सहयोग र प्रगति अनुसन्धान/अनुगमन समावेश छन् । यो योजना एस.सि.एनको प्राविधिक सहजीकरणद्वारा महिला समुहमार्फत कार्यन्वयन गरिएको थियो । प्राविधिक टोलीले खेतबारीमा भएका क्रियाकलापबाट प्राप्त हुने उत्पादन र आवश्यकताको आधारमा मुल्य निर्धारण गर्दछ । मूल्याङकनको आधारमा समुहले उच्च प्राथमिकताका साथ सदस्यहरूको छनौट गर्दछ र कर्मचारीहरूले व्यापारिक योजनाको विकास गर्न सहज पुऱ्याउँदछन् जुन सहभागीहरूले छनौट गरेको तालिका र उद्यममा आधारीत छन् । ती योजनाहरूको पुनरावलोकन र स्वीकृति गरिएका थियो र स्थानिय सहकारी संस्थाबाट कोष उपलब्ध गराइएको थियो जसको व्यवस्थापन महिला समुह र तिनीहरूको निर्णयद्वारा हुन्थ्यो । उद्यमको लागि स्वीकृति पाएकाहरूले आफ्नो उद्यम सुरु गरे जसको मूल्याङकन् र अनुसन्धान महिला समुह, प्राविधिक प्रशिक्षक र सरकारी संस्थाका सदस्यहरूद्वारा गरिन्थ्यो । प्राप्त गरिएको ऋण समय पुगेपछि फिर्ता गरिन्थ्या र सो कोष समुहको अर्को मानिसलाई दिइन्थ्यो । यो योजना एकदम प्रभावकारी र दिगो हुनुको साथै योजना विस्तार र स्केलअपको नमूनाको रुपमा प्रयोगमा आएको छ ।

**समुदायको सहभागीताद्वारा सामुदायिक स्वामित्वको विकास र परिचय**

यस कार्यक्रम र कार्य शैलीबारे सबैको साझा बुझाई हुनसकोस् र समुदायको अपेक्षामा कमी ल्याई कार्यक्रमको कार्यन्वयन, अनुगमन र मूल्याङकन गर्ने जिम्मेवारी र भुमिकामा स्पष्टता ल्याएर परियोजनालाई अझ प्रभावकारी र दक्ष बनाउन सकियोस् भनेर सामुदायिक स्वामित्वलाई कार्यक्रममा पहिचान गराउँदै परियोजनाको प्रस्तावको आधारमा अवधारणा नोट तयार गरियो जुन कुराले उद्देश्य, क्रियाकलाप, कार्यशैली, सामुदायिक सहभागीता र एस.सि.एन संस्थाको बारेमा जानकारी दिन्छ । अभिमुखीकरण कार्यक्रमबारे लेखिएका ती अवधारणाको लेखोट समुदायका सदस्यहरू, सरोकारवालाहरू र सम्बन्धित निकायहरू माझ बताइयो ।

**'धन्यवाद दिने र सामुदायिक उत्सव मनाउने' अवधारणाको परिचय**

धन्यवाद दिने कार्य कुनै पनि परियोजना समाप्त भए पश्चात गरिने कार्यक्रम हो । यस कार्यक्रममा परियोजनामा सहयोग पुऱ्याउने संघसंस्था वा व्यक्तिहरू, परियोजनामा योगदान पुऱ्याउने व्यक्तिहरू र समुहका सबै सदस्यहरूलाई यस परियोजनामा पुऱ्याएको संलग्नताका लागि धन्यवाद दिने काम हुन्छ । यस प्रकारको धन्यवाद दिने कार्यक्रममा सबै समुह, समुदायका मानिसहरू, आवद्ध संस्थाहरू, सरकारी निकायहरू र एस.सि.एन परिवार हुन्छन् । यसलाई सफलताका उत्सब मनाउने र समुदायले परियोजनालाई पुर्णत आफनो देखरेखमा ल्याएको छ भन्ने मानिन्छ ।

**सपना पूरा हुने बर्ष (२००९-२०१३)**

**सामुदायिक विकास व्यवस्थापन कोर्षको आराम्भले जम्खेदको नमूना बनाउने सपना साकार भएको महशुस**

आफूले सञ्चालन गर्दै आएको परियोजनाको अनुभवहरूलाई प्रयोग गरी ति क्रियाकलापहरूद्वारा विकास गरेको नमूनाको प्रयोग र उत्थान गर्दै स्थानिय सामुदायिक विकास कार्यकताहरूलाई सि.आर.एच.पि जम्खेदको नमूना अनुसारको क्षमतामा पुऱ्याउने कार्यक्रमको सुरुवात एस.सि.एनद्वारा गरिने सपना रमेश खड्काले देखे ।

सन २०१३ सालमा देशभरि रहेका १८ वटा जिल्लाका २५ जना सामुदायिक विकास कार्यकर्ताहरूको लागि सामुदायिक विकास व्यवस्थापन -सि.डि.एम. कार्यक्रमको सुरुबाट पश्चात एस.सि.एनले बर्षेनी प्रत्येक कोर्षमा २० जना सहभागीलाई तालिम दिँदै आएको छ ।

**व्यावसायिक सिकाई र एक दोस्रामा बाँडचुड गर्ने वातावरणको विकास गर्ने**

संस्थाका कर्मचारी र अन्य सदस्यहरूको ज्ञान र सिपको बृद्धिको लागि एस.सि.एनले नियमित रुपमा आन्तरिक तालिम र सिकाई साथै आपसमा बाँडचुड गर्ने कार्यक्रमको आयोजना गऱ्यो । एस.सि.एनले आवश्यकता अनुसारको लघु प्रशिक्षण कार्यक्रमको योजना बनाएर अन्य एन.जि.ओ. र सि.बि.ओहरूलाई पनि प्रदान गर्ने गर्दछ । यी सिकाई र विकास क्रियाकलापहरू ललितपुरको बाडेगाउँमा रहेको परिवर्तन केन्द्रमा आयोजना गरिन्छ जहाँ उपलब्ध स्रोतहरूको अत्याधिक सदुपयोग गर्ने अवसर मिल्दछ । बाडेगाउँको परिसर कुनै प्रकारको कार्यक्रम सञ्चालन गर्नलाई भाडामा पनि प्रयोग गर्न सकिन्छ ।

**समुदायको सशक्तिकरणको लागि एस.एच.जि परिचालनद्वारा नमूनाको विकास र प्रयोग**

समुदायको सशक्तिकरणको लागि स्वसहायता समुह परिचालनको नमूनाको विकास गरिएको छ । यी मोडलहरू ७ प्रगतिशील कदममा समुहको गठन देखि सुरु भएर समुहको गतिविधिको मूल्याङकन गर्ने कराहरु समावेश छन् । सम्पूर्ण कदमहरू गतिविधिहरूको अनुक्रम अनुसार परिभाषित भई मूल्य, मान्यता र सिद्धान्तसँग सम्बद्ध छन् । समुहको सुरुवात, स्रोतको पहुच र संस्थागत गर्ने काममा टेवा दिनका लागि समुहरू विभिन्न आकार र सञ्जालमा व्यावस्थित गरिएका छन् ।

सन २०१२मा जीवनको गुणस्तर उकास्नका लागि परिवर्तनको प्रकृय सहज गराउने उद्देश्यले नुवाकोट जिल्लाका ५गा.वि.स हरूमा कार्य आधारित सामुदायिक विकास कार्यक्रम सुरु गरियो । परियोजनाबाट सिकेको सिकाई र अन्य गा.वि.स हरूको माग अनुसार सन २०१३ सालमा फेरी उक्त जिल्लाका ३ वटा गा.वि.स.हरु (समुन्द्रदेवी, सुनाखानी, र थानापटी) मा पनि त्यहाँको वासिन्दाहरुको जीवन गुणस्तर बृद्धि गर्ने उद्देश्यले परिवर्तनको प्रकृयामा सहज गराउन सशक्तिकरणद्वारा कार्य आधारित सामुदादायिक विकास (ए.वि.सि.डि.इ) कार्यक्रमको योजना गरि सुरु गरियो । सन २०१२ मा मकवानपुर जिल्लाका २ गा.वि.सहरू (कालिकातार र भार्ता ) मा त्यहाँका महिलाहरूको जीवन गुणस्तर उकास्न गरिएको परिवर्तनको प्रकृयामा सहजीकरण गर्न र वकालत गर्न महिला सबक्तिकरण र वकालत परियोजना -ए.डब्लु.इ.पि) सुरु गरियो ।

सन २०१३ सालमा मकवानपुर जिल्लाका ४ गा.वि.स हरू (आम भन्ज्याङ, मकवानपुर गढी हर्नामाढी र सुकौरा) मा त्यहाँका महिलाहरूको सामाजिक, आर्थिक अवस्था उकास्न र

उनीहरूलाई मानव तस्करी र त्यसबाट आउने नतिजाबाट बचाउने उद्देश्यले "अप्ठयारो परिस्थितीमा परेका महिलाहरूको सशक्तिकरण" -इ.डब्लु.डि.सि) नामक परियोजना सुरु गरियो ।

सन २०१३मा मकवानपुर जिल्लाको ३ गा.वि.सहरू–हाँडीखोला, सरीखेत र राक्सीराङका बासिन्दाहरूको सामाजिक, आर्थिक अवस्था सुर्धान र महिला र बाल-बालिकालाई मानव तस्करी र त्यसको परिणामबाट बचाउन मानव स्वतन्त्रता परियोजना -एच.एल.पि) सुरु गरियो ।

त्यसैगरी सन २०१३मै माइक्रोसफ्टसँगको साझेदारीमा सिन्धुपाल्चोक जिल्ला भोटेचौरको सरस्वती उच्च माध्यमिक विद्यालयमा कम्प्युटर ल्यावोरेटरी पहलको सुरुबाट गरियो ।

**सदस्यहरूको व्यक्तिगत र पेसागत बृद्धिको लागि प्रयाप्त अवसर प्रदान गरियो**

सन २०१३ मै टियर अष्ट्रेलियाको साझेदार संस्थाको लागि स्वयम सहायक समुह -एस.एच.जि) कार्यशालाको आयोजना र व्यावस्थापन गरियो । विकास कार्यकर्ताहरूको लागि एस.सि.एन सिक्ने र अनुभवहरू बाँडचुड गर्ने एक थलो भएको छ । धेरै जसो कर्मचारीहरू कामको प्रशिक्षार्थी ( ओ.जि.टि) र प्रशिक्षार्थीहरू बनी आफ्नो क्षमतालाई बृद्धि गरी कार्यक्रम संयोजक र टोली अगुवाहरू भइसकेका छन् । इनलाइन नेतृत्वको विकास संस्थाको प्रमुख प्राथमिकता भएको थियो जसले गर्दा कर्मचारीहरूले आफ्नो व्यक्तिगत र पेशागत बृद्धि गर्ने अवसर प्राप्त गर्दछन् ।

**आशा र आनन्दको बर्ष (२०१४-२०१८)**

**स्थानिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी**

कार्यशालामा सहभागीहरूलाई पुस्तौं देखि सामाजिक र सांस्कृतिक रुपले जरा गाडिएको नेपालको संस्कृति र सन्दर्भको बारेमा सिक्न र स्थानिय एन.जि.ओ.हरूले गरिब र खाँचोमा परेका मानिसहरूको जीवनमा भिन्नता ल्याउन कसरी संघर्ष गरिरहेका छन् भन्ने कुरालाई थाहा गराउन होष्ट विकास, शिक्षा र अनुभव कार्यक्रम, कार्यशाला डि.इ.इ.पि नेपाल भन्ने कार्यक्रम सुरु गरिएको थियो । यस कार्यक्रयमा सहभागीहरूले समुदायका मानिसहरूले भनेका जीवन कथाहरू प्रत्यक्षरुपमा सुनेर अर्न्तक्रिया गर्ने, समुदायको परिवर्तन प्रकृयामा उनीहरूले भोगेका कठिनाईहरूको बारेमा थाहा पाउन, सामुदायिक परिवर्तनको प्रकृयामा एक हिस्सेदार बन्न, यहाँको संस्कृतिको खानीको अनुभव गर्न र प्रकृतिको सुन्दरतासँग रमाउने अवसर पाउछन् ।

सन २०१५ मा पाकिस्तानको सिन्द शइक कल्याण संघ, कराँचीका ६ सदस्यहरूको लागि प्रदशनी र सिकाई कार्यक्रमको आयोजना गरियो । त्यस कार्यक्रम ७ दिनको लागि योजना गरिएको थियो जसमा मकवानपुरको परियोजना स्थल भ्रमण गर्ने अवसर पनि दिइएको थियो ।

त्यहि प्रकारले CEDAR कोषका अध्यात्मीक संकायका १० जना विद्यार्थीहरू, टियर फन्ड न्युजिल्यान्डका प्रमुख दातृ सदस्य सहभागीहरू र भारत अरुणाचल प्रदेशका सामुहिक समुहका सदस्यहरूलाई अनुभव र सिकाई कार्यक्रमको अवसर प्रदान गरिएको थियो । एस.सि.एनले सहभागीहरूलाई सामुदायिक कार्यकर्ताहरूसँग समुदायमा प्रवेश गर्ने ढाचा र

अभ्यासहरूको बारेमा अर्न्तक्रिया र छलफल गर्नुका साथै कार्यक्षेत्रमा समुदायका सदस्यहरूसँग प्रत्यक्ष अर्न्तक्रिया गर्ने अवसर प्रदान गरेको थियो ।

**संस्थागत विकास**

दिगोतिर जानु एस.सि.एनको परियोजना प्रक्रियाको अभिन्न भाग हो । विकासको लागि महिला सशक्तिकरण समाज (WESD) र समुदायको लागि विद्यालय (ASC) नामक समुदायमा आधारित एन.जि.ओ.हरू काठमाडौं जिल्ला प्रशासन कार्यलयमा दर्ता भई परियोजनाको व्यवस्थापन र स्वामित्व बहन गर्ने पुर्ण जिम्मेवारी लिएका छन् । एस.सि.एन, ती परियोजनाबाट अप्रत्यक्ष रुपमा बाहिरिए तापनि प्रोत्साहन र प्रेरणात्मक समर्थन दिने काम भने जारी नै छ । यी दुवै एन.जि.ओ हरू पूर्ण कार्यात्मक भई समुदायमा पुगेर आफ्नो सेवाको विस्तार र बृद्धि गर्दै गइरहेका छन् ।

**बृद्धि र विस्तारद्वारा परियोजना कार्यन्वयन**

एस.सि.एनले आफ्नो परियोजना बनाउँदा गतिविधी सुहाँदो अभ्यासगत रुपमा सक्षिप्तमा नाम राख्ने गरेको छ जस्तै ABCD, ABCD-R, CBHDP, WDC, e-WDC / AWEP इत्यादी । निरन्तर रुपमा सिक्दै, बृद्धि हुदै र देशको परिस्थितिको परिवर्तन अनुसार आवश्यक प्रतिक्रिया देखाउदै अगाडी बढिरहेको एस.सि.एन संस्थाले आफ्नो नयाँ परियोजनाहरूलाई परिणामरुपी तुल्याउनका लागि ती परियोजनाहरूले ल्याउने प्रभाव र मूल्य र मान्यताहरूलाई लिङक गरेर आशा, मर्यादा, मेल जस्ता छोटो नामले परियोजनाहरूको नामाकरण गर्ने निर्णय लियो ।

मानवी सहयोग र पुनर्वास कार्यक्रम (HARP), भुकम्पबाट प्रभावित भएका परिवारहरूको तत्काल आवश्यकताहरू को परिपुर्ति गर्न, परिस्थितीको सामना गर्न र जीवनस्तर उकास्ने एक कार्यक्रम हो । यस मानव सहयोग कार्यक्रम तीन चरण (प्रथम चरण, दोस्रो चरण र तेस्रो चरण) मा सञ्चालन गरिएको थियो र प्रथम चरण–सन २०१५ सालमा ७.८ रेक्टरको भुकम्प आई नेपाललाई तहसनहस गरे लगत्तै भुकम्पले प्रभावित भएकाहरूको तत्काल आवश्यकता पूरा गर्न एस.सि.इनले खाने कुरा र अन्य भौतिक सामाग्रीहरू वितरण गरेको थियो । दोस्रो चरण–पछि पिडित मानिसहरूलाई बर्षा यामबाट जोगाउन एस.सि.एनले काठमाडौं, ललितपुर, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रे, रसुवा र नुवाकोट जिल्लाका पिडित बासिन्दाहरूलाई जस्तापाता र सो कस्नलाई फलामे तार दिएर मदत गरेको थियो । पछि पिडितहरूको परिस्थितीमा सुधार आएर मानिसहरू आ-आफ्नो काम द्यन्दामा लागेपछि मानिसहरूको आय-आर्जन बृद्धि गर्न, गरिब र कमजोर मानिसहरूलाई जाडोबाट बचाउन न्यानो कपडाको व्यवस्था गर्‍यो भने नुवाकोट जिल्लाको ५ गा.वि.स हरूमा चर्पीको व्यवस्था सहित सरसफाईमा मदत पुर्‍याएको थियो । भुकम्पबाट प्रभावित पिडितहरूलाई निरन्तर सहयोग पुर्‍याउन र उनीहरूको आर्थिक क्षतिपूर्ति गर्न तेस्रो चरणको परियोजनाको बिकास गरियो जसको प्रमुख ध्यान आफ्नो सिमित सम्पति गुमाएका र आफ्नो प्रयासमा पुर्ति गर्न नसक्ने कमजोर परिवारहरूको जीवन पुर्नस्थापना गर्नु रहेको थियो ।

त्यस पश्चात समुदायमा परिवर्तन ल्याउने लक्ष राखेर आशा, मेल, मर्यादा नामक ३ परियोजनाहरूको विकास गरियो जसको उद्देश्यहरू निम्न प्रकार छन् :

(क) सुधारीएको अर्थात आधुनिक कृषी अभ्यास, गाई/बस्तु र साना आकारको व्यावसायहरूद्वारा सामाजिक र आर्थिक स्तर बृद्धि गर्ने ।

(ख) सहयोग समुह (SHG) हरूको परिचालनद्वारा स्रोतको पहुँच र निर्णय गर्न सक्ने स्थानमा प्रवेश गर्ने पहुचको सृर्जना गर्ने ।

(ग) तस्करी, शोषण र दासत्व (TES) र लिङ्गको आधारमा पक्षपात गर्ने जस्ता कार्यलाई न्युनिकरण गर्न जवानहरूको क्षमतालाई बलियो बनाउने । यी कार्यक्रमहरू क्रमश मकवानपुरको १ गा.वि.स, नुवाकोटको २ गा.वि.स र मकवानपुरको ३ गा.वि.स.हरुमा सुरु गरिएका थिए ।

**राष्ट्रिय र अन्तराष्ट्रियहरूको लागि इन्टर्नसिपको आराम्भ**

इन्टर्नसिप कार्यक्रम राख्नुको लक्ष इन्टर्नको लागि आउनेहरूलाई पेशागत रुपमा उनीहरूको शैक्षिक, व्यवसायिक र व्यक्तिगत सिकाईलाई विस्तार गरेर कामको अनुभव दिलाउनु हो । कार्यक्रमलाई सुमधुर रुपले सञ्चालन गर्न इन्टर्नसिप कार्यक्रम निर्देशिकाको विकास गरेर सो मुताविक कार्यक्रम भए नभएको सुपरिवेक्षण गर्न एक जना कर्मचारी खटाइएको छ ।

**महत्वपुर्ण कागजातहरु र सिकाई बाँड्नको लागि १५ वटा परियोजनाको वृत्तचित्रहरूको उत्पादन**

ती वृत्तचित्रहरू मानवी सहयोग र पुर्नस्थापना कार्यक्रम, मानव तस्करी बिरुद्वमा महिला सशक्तिकरण, परियोजनाका घटनाहरू र परियोजना गतिविधिको प्रभावको बारेमा आधारित छन् । ती वृत्तचित्रहरू सार्वजनिक रुपमा हेर्नको लागि कम्प्युटरमा अपलोड गरिएका छन् ।

एस.सि.एनले सन २०१७ मा दक्षिँण एसियामा कार्यरत टियर अष्ट्रेलियाको साझेदार संस्थाहरूकोलागि दक्षिण एसिया सिकाई र तालिम (SALT) को आयोजना र व्यवस्थापन गऱ्यो ।

त्यसैगरी सिकाईको बाँडचुड, कार्यक्रमको सातासात, नेपालमा एक उपग्रह केन्द्रको रुपमा काम गर्न र सामुदायिक विकास व्यवस्थापन कार्षलाई मान्यता दिन फ्युचर जेनेरेसन युनिर्भसिटी (FGU) सित साझेदारी स्थापना गरियो । यी दुई संस्थाहरूले सन २०१७ को अक्टोबर २८ गते ज्ञापनपत्रमा हस्ताक्षर गरी औपचारिक साझेदारीमा प्रवेश गरे जसको मूल उद्देश्य सम्भावित भूमिका निर्वाह गर्नु, साझेदारी क्रियाकलापमा संलग्न हुनु, पारस्परिक एकता वा ब्रान्डिङ क्षमता बृद्धि गर्ने काम र अनुसन्धान, वित्तीय साझेदारीको काम गर्नु रहेको थियो ।

**२०१९-२०२३ को रणनीतिक योजनाको पुर्नवलोकन र विकास–आशा र अवसरहरूको बर्ष**

शताब्दीको एक चौथाई अवधिमा सिकेका कुराहरूको आधारमा यो रणनीतिको विकास भएको हो ।

- सन २०१५ को अप्रिल २५ तारिखको दिन आएको ठूलो भुकम्पले ल्याएको असरको सामना गर्न एस.सि.एनले खेलेको सक्रिय भूमिका ।
- कार्यक्रम कार्यन्वयन परिमार्जन, परिवर्तित समुदायको समुहहरूको परिचालन, पुनस्थापनको प्रकृयामा परिवारहरूको सहयोग र सामाजिक आर्थिकलाई पुर्नजिवित पार्ने जस्ता बिषयको पुर्नवलोकन र परिमार्जन गर्नु पर्ने आवश्यकता ।

भविष्यलाई नियालेर हेर्दा केन्द्रिय प्रशासनबाट संघीय राज्यको स्थानीय सरकारमा परिवर्तन भए जस्तै देशको संक्रमणको सामना गर्नु पर्ने कुराको आधारमा रणनीतिक योजना बनाइएको छ । संक्रमणलाई प्रत्यासित गर्दै, यो योजनाले समुदायको र कर्तव्य पालना गर्नेहरूको क्षमतालाई बृद्धि गर्ने आवश्यकता र एस.सि.एनको कार्यन्वयन गर्ने परिमार्जीत दाँचामा परिवर्तन ल्याउनु पर्ने आवश्यकतालाई परिकल्पना गरेको छ । रणनीतिक योजनाको प्रकृयालाई गतिशील, सक्रिय, पारदर्शी र कार्यन्वयन मूलक बनाउनका लागि सम्बन्धित सबै सरोकारवालाहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष अन्तरक्रियाद्वारा अनुरोध गरि, निवेश, स्पष्टीकरण, प्रतिक्रिया, चिन्तनका विषयलाई क्रमबद्ध रुपमा समावेश गरिएको छ । सन २०१९ को सुरु देखि यस रणनीतिक योजना स्वत लागु हुनेछ ।

एक व्यक्तिलाई प्रेरित पारेको धर्मशास्त्रको खण्डले धेरै मानिसहरूको ह्रदय र मनमा जरो गाडेको छ । यसले गतिविधिलाई उत्तेजित पारी समुदायका जीवनमा आशा र सकरात्मक परिवर्तनको सन्देश लिएर विस्तारै धेरैको ह्दयमा प्रवेश गरेको छ । रमेश खड्काको नेतृत्व, कार्यकारी बोर्डको निर्देशन, दातृ साझेदारहरूको उदारवादी सहयोग र समर्पित कर्मचारीहरूको सेवाले गर्दा एस.सि.एनको काम निरन्तर अघि बढीरहेको छ । विकास तर्फ लम्कने काम जारी नै छ ।

यात्रा जारी नै छ .................